# नेपाल सरकार
## भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
## सिंहदरबार, काठमाडौं
## (प्रदेश तथा स्थानीय तह समन्वय शाखा)


पत्र सं.: २०८३/०८४
चलानी नं ४२

मितिः२०८३/०४/१८
ने.सं. ११४६

श्री स्थानीय तह सवै,

विषयः निशुल्क वितरणका लागि सूचिकृत औषधिहरुको उत्पादनमा समन्वय गरिदिने सम्वन्धमा ।

प्रस्तुत विषयमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको प.सं.संस्थान/२०८३/८४ च.नं.११ मिति २०८३/०४/११ को पत्रमार्फत नेपाल औषधि लिमिटेड र सिंहदरवार वैद्यखानालाई निशुल्क वितरणका लागि सूचिकृत औषधिहरु उत्पादन गर्न आवश्यक आर्थिक तथा प्राविधिक सहयोग गर्ने र उत्पादित औषधिहरु नेपाल सरकारले सोझै खरिद गर्ने व्यवस्था मिलाउन आवश्यक समन्वय र सहजिकरणको लागि अनुरोध भई आएकोले पत्रको छायाँप्रति यसैसाथ संलग्न गरी आवश्यक जानकारी, समन्वय र सहजिकरणको लागि पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

प्रकाश पन्थी
शाखा अधिकृत

बोधार्थः
श्री उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरवार काठमाडौं
श्री सूचना प्रविधि शाखाः वेवसाईटमा अपलोड गरिदिनुहुन ।


सिंहदरवार, काठमाण्डौं फोन नं.- ४२००३०४
ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेवसाईट:- www.mofaga.gov.np

नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(सरकारी उद्योग तथा संस्थान शाखा)

Website: https://moics.gov.np
E-mail: sasthan@moics.gov.np
फोन नं.:४२११४९९

सिंहदरबार, काठमाण्डौ
नेपाल

प.सं.: संस्थान/२०८३/०८४
च.नं.: ११

दर्ता नं.: २२२
मिति: २०८३।४।१२

मिति:२०८३।०४।११

विषयः समन्वय तथा सहजीकरण सम्बन्धमा।

श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

प्रस्तुत विषयमा नेपाल औषधि लिमिटेडको च.नं. ००४/२०८३/०८४, मिति २०८३/०४/०५ को पत्रबाट नेपाल औषधि लिमिटेडबाट उत्पादन हुने औषधि सरकारी निकायहरुबाट खरिदको व्यवस्थाका लागि अनुरोध भई आएकोमा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा ४१ को उपदफा (१) (घ१) मा भएको व्यवस्था बमोजिम एक सार्वजनिक निकायले अर्को सार्वजनिक निकायसँग सोझै खरिद गर्न सक्ने व्यवस्था रहेको तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ३४०६, मिति २०८२/१२/१५ को पत्रमा शासकीय सुधारका प्रमुख १० कार्यहरुको कार्ययोजनाको "क्र.सं. २ प्रमुख कार्यसम्पादन सूचकमा नेपाल औषधि लिमिटेड र सिंहदरबार वैद्यखानालाई निशुल्क वितरणका लागि सुचिकृत औषधिहरु उत्पादन गर्न आवश्यक आर्थिक प्राविधिक सहयोग गर्ने र उत्पादित औषधिहरु नेपाल सरकारले सोझै खरिद गर्ने व्यवस्था मिलाउने" समेत उल्लेख भएकोले सो सम्वन्धी आवश्यक समन्वय, सहजीकरणको व्यवस्था मिलाइदिनुहुन नेपाल सरकार (सचिवस्तर) को मिति २०८३।०४।११ को निर्णयानुसार अनुरोध छ।

(सुमित मगर)
शाखा अधिकृत

बोधार्थः
नेपाल औषधि लिमिटेड, बबरमहल, काठमाडौं।

# नेपाल औषधि लिमिटेड
# NEPAL AUSHADHI LIMITED
(An Undertaking of Govt. of Nepal)
Babarmahal, Kathmandu, Nepal

बबरमहल, काठमाडौं, नेपाल
Tel: +977-01-5321512
5320635, 5350794
E-mail: gm@nal.com.np
admin@nal.com.np
Website: www.nal.com.np


च.न.००४/२०८३/०८४

नेपाल औषधि लिमिटेड
* २०२९ *

मिति: २०८३/०४/०५

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
दर्ता नम्बर: २६१
मिति: २०८३।४।५
दस्तखत:

श्री उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

विषय: सहजीकरण बारे ।

तहाँ मन्त्रालयबाट पत्राचार भए अनुसार नेपाल औषधि लिमिटेडबाट उत्पादित औषधि खरिद गर्ने सम्बन्धमा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयबाट भएको निर्णय स्वास्थ्य सेवा विभाग र सातै प्रदेशका स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालयमा पत्राचार भएको व्यहोरा छायाँप्रति सहित अनुरोध गर्दछु । सोहि सम्बन्धमा संघीय सरकारका भूमि व्यवस्था सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, रक्षा मन्त्रालय, शिक्षा तथा खेलकुद मन्त्रालय, गृह मन्त्रालयलाई उक्त मन्त्रालय अन्तर्गतका औषधि खरिद गर्ने निकायलाई लिमिटेडका उत्पादनहरु खरिद गर्न आवश्यक नीतिगत निर्णय सहित सहजीकरण गरिदिने सम्बन्धमा लेखी पठाईदिनुहुन अनुरोध गर्दछु । साथै चालु आर्थिक बर्षको लागि औषधि खरिद प्रक्रिया शुरु भईसकेको र प्राप्त खरिद आदेश अनुसार लिमिटेडको उत्पादन र आपूर्ति शारिणी (schedule) तय हुने हुँदा प्रस्तुत बिषयमा तहांको जानकारीको लागि समेत अनुरोध छ ।

कैलाश कुमार पनेरु
महाप्रबन्धक

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

सिंहदरबार, काठमाण्डौ

प.सं.- ०८२/८३
च.नं.- ३४०६

मिति २०८२/१२/१५

<u>विषय : कार्ययोजना सम्बन्धमा।</u>

प्रिय सहकारीज्यू,

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ [illegible] को बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीको कार्यान्वयनका सम्बन्धमा यो पत्र लेखिँदैछ। कार्यसूचीको बुँदा नम्बर २ मा उल्लिखित कार्यका सम्बन्धमा यसैसाथ संलग्न ढाँचामा कार्ययोजना तयार गरी मिति २०८२/१२/१९ गतेभित्र पठाउनु हुन अनुरोध छ। उक्त कार्ययोजनाको मासिक प्रगति तयार गरी हरेक महिनाको ७ गतेभित्र यस कार्यालयको नतिजा व्यवस्थापन तथा विश्लेषण शाखाको ईमेल ठेगाना natija.opmcm@gmail.com मा उपलब्ध गराइदिन हुन समेत अनुरोध गर्दछु। कार्ययोजना तथा मासिक प्रगति पठाउँदा प्रमाणित प्रति र Microsoft Excel को File समेत पठाउनु हुन अनुरोध गर्दछु।

[illegible]
सचिव

श्री सचिवज्यूहरू,
सबै मन्त्रालय।
शासकीय मामिला क्षेत्र, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।
कानुन तथा मानव अधिकार क्षेत्र, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।

<u>सादर अवगतार्थ:</u>
सम्माननीय प्रधानमन्त्रीज्यूको सचिवालय।
नेपाल सरकारका श्रीमान् मुख्यसचिवज्यूको सचिवालय।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
सिंहदरबार काठमाडौं।

शासकीय सुधारका लागि प्रमुख १० कार्यहरुको कार्ययोजना

| क्र.सं. | प्रमुख कार्य (१० कार्य) | प्रमुख कार्यसम्पादन सूचक | | | समयसीमा | जिम्मेवार अधिकारी/निकाय |
|---|---|---|---|---|---|---|
| | | नाम | एकाई | लक्ष्य | | |
| १ | १. स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत प्रदान गरिने स्वास्थ्य दोहोरोपन, दुरुपयोग लगायतका समस्या हरु लाइ सम्बोधन गर्न आम नागरिकले पाउदै आएको आधारभूत स्वास्थ्य सेवामा कटौती नहुने गरी विद्यमान सुविधा थैली (Benefit Package) परिमार्जन गरी हाल भइरहेको स्वास्थ्य सेवाको आर्थिक व्ययभार कम गर्ने। | १. जटिल तथा गम्भीर रोगहरूको उपचारमा प्राथमिकता दिने गरी एउटै प्रकृतिका दोहोरो सेवा या परीक्षण हटाई सुविधा थैली (benefit package) को सूची परिमार्जन गर्ने र बहिरंग (OPD) तथा अन्तरंग (IPD) सेवाकालागि छुट्टाछुट्टै खर्च सीमा (OPD Ceiling र IPD Ceiling) निर्धारण गर्ने।<br><br>२. दावी डाटा (claim data) को नियमित विश्लेषण गरी असामान्य दावी पहिचान गरी उच्च दावी हुने स्वास्थ्य संस्था वा सेवामा लक्षित अनुगमन तथा अडिट गर्ने। | स्वास्थ्य सुविधा थैलीको परिमार्जित मस्यौदा | १ | ३ महिना<br><br>नियमित | डा कृष्ण प्रसाद पौडेल (कार्यकारी निर्देशक) / स्वास्थ्य बीमा बोर्ड |
| २ | १. निःशुल्क वितरण गर्नका लागि तोकिएका अत्यावश्यक औषधीहरु सिंहदरबार वैद्यखानाव र नेपाल औषधि लिमिटेडबाट उत्पादन गर्ने व्यवस्था मिलाउने। यसका अतिरिक्त स्वदेशी औषधी कम्पनीहरुसँग सुपथ मुल्यमा सम्झौता गरी | १. नेपाल औषधि लिमिटेड र सिंहदरबार वैद्यखानालाई निशुल्क वितरणका लागि सुचिकृत औषधिहरु उत्पादन गर्न आवश्यक आर्थिक प्राविधिक सहयोग गर्ने र उत्पादित औषधिहरु नेपाल सरकारले सोझै खरिद गर्ने व्यवस्था मिलाउने। | निःशुल्क वितरण हुने अत्यावश्यक औषधीको खरिदका लागि वैद्यखाना र नेपाल औषधी लिमिटेडसँग सम्झौता | १ | | स्वास्थ्य सेवा विभाग (महानिर्देशक)<br><br>आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग (महानिर्देशक)<br><br>सिंहदरबार वैद्यखाना र नेपाल औषधी लिमिटेड कम्पनीका |

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सिंहदरबार, काठमाडौं